# एसएलसी परीक्षा
# विशिष्टीकरण तालिका, २०६५
## भूगोल (ऐच्छिक प्रथम)

## परिचय

भूगोल विषयमा विद्यार्थीहरूले अध्ययन गरेर वा प्रयोगात्मक कार्य गरेर सिकेका कुराहरूलाई सैद्धान्तिक परीक्षा र प्रयोगात्मक कार्य दिएर मूल्याङ्कन गर्नुपर्दछ । कक्षा ९ का विषयवस्तु सोही कक्षाको परीक्षामा मूल्याङ्कन गरिसकिएको हुँदा एसएलसी परीक्षामा कक्षा १० का लागि निर्धारण गरिएका विषय क्षेत्र भौतिक भूगोलअन्तर्गत रहेका गणित भूगोल, स्थलमण्डल, जलमण्डल र वायुमण्डल; नेपालको भूगोलअन्तर्गत रहेका प्राकृतिक साधन; कृषि; उद्योग, यातायात र व्यापार; मानव तथा आर्थिक भूगोलअन्तर्गत रहेका उद्योग र विश्वको जनसङ्ख्या तथा प्रयोगात्मक भूगोलअन्तर्गत मानचित्रको निर्माण, मौसमी यन्त्रहरू, रेखाचित्र र चक्रचित्रको परिचय, निर्माण र प्रयोग तथा भौगोलिक अध्ययन भ्रमणबाट मात्र मूल्याङ्कन गरिनुपर्दछ ।

सैद्धान्तिक परीक्षामा पाठ्यक्रम तथा पाठ्यपुस्तकमा समावेश गरिएका विषयवस्तुको ज्ञान हासिल भयो भएन भन्ने कुराको मूल्याङ्कन गर्न ज्ञान र बोध (Knowledge and understanding) तहको प्रश्नहरू सोध्नुपर्दछ । त्यसैगरी आफूले सिकेका कुराहरूलाई व्यवहारमा लागू गर्न सक्यो सकेन भन्ने कुराको मूल्याङ्कन गर्न प्रयोग (Application) तहको प्रश्न बनाई सोध्नुपर्ने हुन्छ । भूगोल विषयमा धेरै प्रकारका समस्यामूलक विषयवस्तुहरू पनि समावेश गरिएका छन् । त्यस्ता विषयवस्तुमा समस्याको सही पहिचान र समाधान गर्न सक्षम भयो भएन भन्ने कुराको मूल्याङ्कन गर्न समस्या समाधान (Problem solving) तहको प्रश्न सोध्नुपर्ने हुन्छ । भूगोल विषयमा प्रशस्त मात्रामा प्रयोगात्मक कार्यहरूसमेत गर्नु जरुरी हुन्छ । जस्तै : स्केलअनुसार नक्सा बनाउने र तथ्यहरू भर्ने, वर्षामापक यन्त्र, तापमापक यन्त्र आदिको प्रयोग र चित्र बनाउने आदि सीपका मूल्याङ्कन गर्न प्रयोगात्मक क्षमता (Practical ability) तहका प्रश्नहरू सोधिनुपर्दछ ।

यी विभिन्न तहको प्रश्नहरूलाई भूगोल विषयको प्रकृतिअनुसार लामो उत्तर आउने, छोटो उत्तर आउने, फरक छुट्याउने, भौगोलिक कारण दिने र वस्तुगत (बहुवैकल्पिक) गरी पाँच प्रकारमा विभाजन गरी प्रश्नहरू सोध्नुपर्दछ । सैद्धान्तिक परीक्षा ७५ अङ्कको  हुने छ । यसको विवरण विशिष्टीकरण तालिकामा दिइएको छ ।

## प्रयोगात्मक मूल्याङ्कन

भूगोल विषयको प्रकृति नै प्राविधिक प्रकारको भएकाले विद्यार्थीले सिकेका सबै प्रकारको ज्ञान सीपलाई सैद्धान्तिक परीक्षाको माध्यमबाट मात्र मूल्याङ्कन गर्न सकिँदैन । त्यसैले यस विषयमा २५ अङ्कभारको प्रयोगात्मक मूल्याङ्कनको प्रावधान राखिएको छ । यसका लागि पाठ्यक्रममा व्यवस्था गरिएको प्रयोगात्मक भूगोल खण्डलाई मुख्य आधार बनाएर प्रयोगात्मक मूल्याङ्कन गर्नुपर्दछ । यस क्रममा स्थानीय स्रोत र साधनको बढीभन्दा बढी प्रयोग गर्नुपर्दछ । विद्यार्थीहरूलाई उनीहरूले गरेका प्रयोगात्मक कार्यको कार्यपुस्तिका  बनाउन लगाउनुपर्दछ । यसको साथै कुनै भौगोलिक क्षेत्रको भ्रमण गराई त्यसको प्रतिवेदन लेख्न लगाउनुपर्दछ । प्रयोगात्मक पुस्तिका र भौगोलिक अध्ययन भ्रमण प्रतिवेदनको आधारमा प्रयोगात्मक परीक्षासमेत लिनुपर्दछ । ती परीक्षा मौखिक र कम्तीमा दुईओटा कुनै समस्याहरू दिई लिखित रूपमा समाधान गर्न लगाउनुपर्छ । प्रयोगात्मक मूल्याङ्कनका ढाँचा विशिष्टीकरण तालिकामा दिइएको छ :

# विशिष्टीकरण तालिका, २०६५

**(सैद्धान्तिक परीक्षाका लागि)**

समय : २:१५ मिनेट        पूर्णाङ्क : ७५        उत्तीर्णाङ्क : २४

| एकाइ | क्षेत्र/पाठ्यवस्तु | ज्ञान र बोध (knowledge and understanding) | | | | | प्रयोग (Application) | | | | | समस्या समाधान (Problem solving) | | | | | प्रयोगात्मक क्षमता (Practical ability) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | १ | २ | ३ | ४ | ५ | १ | २ | ३ | ४ | ५ | १ | २ | ३ | ४ | ५ |
| १. | भौतिक भूगोल | | | | | | | | | | | | | | | | | | | | |
| (क) | गणित भूगोल | | | | | १ | | | | | | | १ | | | | | | | | |
| (ख) | स्थलमण्डल | | | | | | | | | | | | | | १ | | | १ | | | |
| (ग) | जलमण्डल | | १ | | | १ | | | | | | | | | | | | | | | |
| (घ) | वायुमण्डल | १ | | १ | | | | | | | | | १ | | १ | | | | | | |
| २. | नेपालको भूगोल | | | | | | | | | | | | | | | | | | | | |
| (क) | प्राकृतिक साधन | | | | | | | १ | | | | १ | | | | | | | | | |
| (ख) | कृषि | | | | १ | | | | | | | | १ | | | १ | | | | | |
| (ग) | उद्योग, यातायात र व्यापार | | १ | १ | | | | १ | | | | | | | | | | | | | |
| ३. | मानव तथा आर्थिक भूगोल | | | | | | | | | | | | | | | | | | | | |
| (क) | उद्योग | | | १ | | | | | | | | | १ | | | | | | | | |
| (ख) | विश्वको जनसङ्ख्या | | १ | | १ | | | | | | १ | | | | | | | | | | |
| ४. | प्रयोगात्मक भूगोल | | | | | | | | | | | | | | | | | | | | |
| (क) | मानचित्रको निर्माण | | | | | | | | | | | | | | | | १ | १ | | | |
| (ख) | मौसमी यन्त्रहरू | | | १ | | | | | | | | | | | | | | | | | |
| (ग) | रेखाचित्र र चक्रचित्रको परिचय, निर्माण र प्रयोग | | | | | | | | | | | | | | | | | १ | | | |
| (घ) | भौगोलिक अध्ययन भ्रमण | | | | | | | | | | | | | | | | | | | | १ |
| | जम्मा | १ | ३ | ४ | २ | २ | | २ | | | १ | १ | ४ | | २ | १ | १ | ३ | | | १ |

द्रष्टव्य : (क) १ = लामो उत्तर आउने प्रश्न,    २ = छोटा उत्तर आउने प्रश्न,  ३ = फरक छुट्याउने प्रश्न,
४ = भौगोलिक कारण दिने प्रश्न,    ५ = वस्तुगत (बहुवैकल्पिक) प्रश्न

(ख) नेपालको भूगोल एकाइअन्तर्गत नेपालको नक्सा बनाई तथ्य भर्ने प्रश्नमा कृषि, उद्योग, यातायात र व्यापार प्रत्येकबाट एकएकओटा तथ्यहरू दिनुपर्ने छ ।

| प्रश्नको किसिम | सोध्ने प्रश्न सङ्ख्या | उत्तर दिनुपर्ने सङ्ख्या | अङ्क विभाजन | | समय विभाजन | |
|---|---|---|---|---|---|---|
| | | | प्रतिप्रश्न अङ्कभार | जम्मा अङ्कभार | प्रतिप्रश्न समय (मिनेटमा) | जम्मा समय (मिनेटमा) |
| लामो उत्तर आउने प्रश्न | ३ | २ | ८ | १६ | १५.५ | ३१ |
| छोटो उत्तर आउने प्रश्न | १२ | ९ | ४ | ३६ | ७ | ६३ |
| फरक छुट्याउने प्रश्न | ४ | ३ | ३ | ९ | ६ | १८ |
| भौगोलिक कारण दिने प्रश्न | ४ | ३ | ३ | ९ | ६ | १८ |
| बहुवैकल्पिक प्रश्न | ५ | ५ | १ | ५ | १ | ५ |
| जम्मा | २८ | २२ | - | ७५ | - | १३५ मिनेट (२ घण्टा १५ मिनेट) |

## प्रयोगात्मक मूल्याङ्कन

पूर्णाङ्क : २५        उत्तीर्णाङ्क : १०

| क्र.सं | विवरण | अङ्कभार | कैफियत |
|---|---|---|---|
| १ | प्रयोगात्मक कार्यपुस्तिका | ५ | |
| २ | भौगोलिक अध्ययन भ्रमण प्रतिवेदन | ५ | |
| ३ | प्रयोगात्मक परीक्षा | | |
| (क) | मौखिक परीक्षा | ५ | सबै प्रकारको प्रयोगात्मक कार्य गरेको विषयवस्तुबाट मौखिक प्रश्न सोध्ने । |
| (ख) | समस्या समाधान | १० | सबै प्रकारको प्रयोगात्मक कार्य गरेको विषयवस्तुबाट २ ओटा प्रश्न सोधी समस्या समाधान गर्न लगाउने । |
| | जम्मा | २५ | |

## नमुना प्रश्नपत्र

विद्यार्थीले उत्तर दिँदा पाठ्यपुस्तकबाट हुबहु सारेको जस्तो उत्तर नदिई सकभर आफ्नै शैली र ढङ्गमा मौलिक र सिर्जनात्मक उत्तर दिनुपर्ने छ र अङ्क दिँदा यस्ता उत्तरलाई प्रोत्साहन दिइने छ ।

समय :२ घण्टा १५ मिनेट | पूर्णाङ्क : ७५

उत्तीर्णाङ्क : २४

### खण्ड (क)

वस्तुगत बुहवैकल्पिक प्रश्न

तलका प्रश्नहरूको सबैभन्दा मिल्ने उत्तर कापीमा सार्नुहोस् : ५ x १ =५

**Copy the right answer of the following questions in your answer sheet.**

१. १° देशान्तर बराबर कति मिनेट समय फरक पर्छ ?

What will be the difference in time the difference of 1° longitude?

(अ) ३ मिनेट (3 minutes) (आ) ४ मिनेट (4 minutes)

(इ) ५ मिनेट (5 minutes) (ई) ६ मिनेट (6 minutes)

२. उत्तर अमेरिकाको पूर्वी किनार हुँदै उत्तरतर्फ बग्ने धारलाई के भनिन्छ ?

What is the name of the current that follows through the eastern coast of North America?

(अ) बेरिङ धार (Bering current)

(आ) क्युरोसियो धार (Kyurosiwo current)

(इ) गल्फस्ट्रिम धार (Gulf stream current)

(ई) क्यानरी धार (Cannery current)

३. चिया खेतीका लागि कस्तो भौगोलिक अवस्था उपयुक्त हुन्छ ?

Which is the most farourable geographical condition for the plantation of tea?

(अ) खनिजयुक्त माटो र थोरै भिरालो जमिन (Gentle slope and soil rich in mineral)

(आ) बढी तापक्रम र कम वर्षा (High temperature and low rainfall)

(इ) पाँगो माटो र थोरै गर्मी (Alluvial soil and low temperature)

(ई) सुख्खा र समतल भूमि (Dry and plain land)

४. दक्षिण एसियाका मुख्य सहरहरू नदी किनारमा विकास हुनुको प्रमुख कारण के हो ?

What is the main reason for the development of major cities of South Asia on the banks of rivers?

(अ) जल यातायातको सुविधा (Facility of water transport)

(आ) उद्योग तथा व्यापारको विकास (Development of industry and trade)

(इ) समतल भूमि (Development of industry and trade)

(ई) उर्वर भूमि तथा उपयुक्त हावापानी (Plain land and suitable climate)

५. भौगोलिक अध्ययन भ्रमणका लागि अपनाउनुपर्ने उपयुक्त चरण कुन हो ?

Which of the following shows the appropriate step to carry out a geographical excursion?

(अ) योजना निर्माण, तथ्याङ्क विश्लेषण, तथ्याङ्क सङ्कलन र प्रतिवेदन लेखन

Formulation of plan, analysis of data, collection of data and report writing

(आ) योजना निर्माण, तथ्याङ्क सङ्कलन, तथ्याङ्क विश्लेषण र प्रतिवेदन लेखन

Formulation of plan, collection of data, analysis of data and report writing

(इ) तथ्याङ्क विश्लेषण, योजना निर्माण, तथ्याङ्क सङ्कलन र प्रतिवेदन लेखन

Analysis of data, formulation of plan, collection of data and report writing

(ई) तथ्याङ्क सङ्कलन, योजना निर्माण, प्रतिवेदन लेखन र तथ्याङ्क विश्लेषण

Collection of data, formulation of plan, report writing, analysis of data

**खण्ड (ख)**

**तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् (कुनै नौ ओटामात्र) :** ९ x ४ = ३६

**(Answer the following questions in brief [any nine only])**

६. बेलायतमा मध्याह्न भएको वेला ८६°१५' पूर्वी नेपालको कुनै सहरमा कति बजेको होला ?

What time is it in a city of Nepal at 86°15' E, when it is mid day in United Kingdom?

७. ज्वालामुखी विस्फोटनको चित्र बनाई नामकरण गर्नुहोस् ।

Draw a figure of volcanic eruption and label it.

८. समुद्री धार उत्पत्ति हुनाको कारण उल्लेख गर्नुहोस् ।

Mention the causes of the origin of ocean current.

९. तल दिइएको चित्रको आधारमा निम्न प्रश्नहरूको उत्तर दिनुहोस् :

Look at the figure given below and answer the questions that follow:



(क) यो चित्रमा दिइएको वर्षाको नाम के हो ? (Which type of rainfall is this?)

(ख) यस्तो वर्षाको अवधि कति हुन्छ ? (What is the duration of this type of rainfall?)

(ग) यस्तो वर्षा कुन क्षेत्रमा बढी हुन्छ ? (Where does this rainfall mostly occur?)

(घ) यस्तो वर्षा हुने क्षेत्रमा कुन प्रकारको हावापानी पाइन्छ ?

What type of climate is found in this region?

१०. नेपालको तराईदेखि हिमालसम्म यात्रा गर्दा पाइने प्राकृतिक वनस्पतिको विविधताबारे लेख्नुहोस् ।
Write the diversity in vegetation that a person observes while traveling from the Terai to Himalayan region of Nepal.

११. नेपालको कृषि क्षेत्रमा वर्तमान अवस्थामा देखा परेका प्रमुख चार समस्याहरू लेखी छोटो वर्णन गर्नुहोस्।
Write in brief the four major problems of agriculture that Nepal is currently facing.

१२. नेपालको समुद्रपारका देशहरूसँगको व्यापारको वर्तमान अवस्था कस्तो रहेको छ ? छोटकरीमा विश्लेषण गर्नुहोस् ।
Analyze the condition of trade of Nepal with the overseas countries. Write in short.

१३. नेपालमा पर्यटन उद्योगको सम्भावनाहरू प्रशस्त हुँदाहुँदै पनि सोचेअनुसारको विकास हुन सकेको छैन । तपाईंको आफ्नो क्षेत्रमा पर्यटन उद्योगको वर्तमान अवस्था र सम्भावनाहरू कस्ता छन् ?
In spite of the great possibilities of tourism industry in Nepal, it is not developed to the desired level. What is the present conditions and possibilities of tourism development in your region?

१४. फलाम स्पात उद्योग विशेष गरी कोइला खानीकै आसपासमा स्थापना हुनाको प्रमुख चार कारण उल्लेख गर्नुहोस् ।
State the four main causes for the establishment of iron and steel industry located close to the coal mining areas.

१५. विश्वमा जनसङ्ख्याको वितरण कसरी भएको छ ? अत्याधिक जनसङ्ख्या भएका क्षेत्रहरू उल्लेख गर्नुहोस् ।
How is population distributed in the world? Mention the regions of highest population density.

१६. तलको नक्सामा दिइएको नापको आधारमा निम्नलिखित स्थलहरू बीचको दुरी पत्ता लगाउनुहोस्:
Find out the distance between the following places on the basis of the scale given in the map.




धनकुटा - धनगढी (Dhankuta - Dhangadhi)
भैरहवा - पोखरा (Bhirahawa - Pokhara)
काठमाडौं - विराटनगर (Kathmandu - Biratnagar)
नेपालगञ्ज - सुर्खेत (Nepalgunj- Surkhet)

१७. तल दिइएका तथ्याङ्कलाई चक्र चित्रमा देखाउनुहोस् :

Show the following data in a pie chart

| ई.सं. (Year in AD) | विश्वको जनसङ्ख्या (Population of the world) |
|---|---|
| १९५० (1950) | २ अर्ब ५० लाख (Two thousand fifty million) |
| १९६० (1960) | ३ अर्ब १० लाख (Three thousand one million) |
| १९७० (1970) | ३ अर्ब ७० लाख (Three thousand seven million) |
| १९८० (1980) | ४ अर्ब ४० लाख (Four thousand four million) |
| १९९० (1990) | ५ अर्ब (Five thousand million) |
| २००० (2000) | ६ अर्ब (Six thousand million) |

### समूह (ग)

१८. फरक छुट्याउनुहोस् (कुनै तीन ओटा मात्र) : ३ x ३ = ९

**Differentiate [any three only]**

(क) स्थलीय वायु र समुद्री वायु

Land breeze and sea breeze

(ख) स्थल यातायात र जल यातायात

Land transport and water transport

(ग) प्रारम्भिक उद्योग र माध्यमिक उद्योग

Primary and secondary industry

(घ) पारो भरिएको चापमापक यन्त्र र एनोराइड चापमापक यन्त्र

Mercury barometer and aneroid barometer

### समूह (घ)

१९. भौगोलिक कारण दिनुहोस् (कुनै तीनओटा मात्र) : ३ x ३ = ९

**Give geographical reasons [any three only]**

(क) ज्वालामुखी विस्फोटन हुँदा प्राय: भूकम्प जान्छ ।

Volcanic erruption often causes earthquake.

(ख) उष्ण मौसमी हावापानीको क्षेत्रमा ग्रीष्म ऋतुमा बढी वर्षा हुन्छ ।

Tropical monsoon region gets more rainfall in the summer.

(ग) नेपालमा कृषि विकासका लागि सिँचाइको बढी आवश्यकता छ ।

Irrigation is essential for the development of agriculture in Nepal.

(घ) एसिया महादेशमा विश्वको सबैभन्दा बढी जनसङ्ख्या रहेको छ ।

Asia has the highest population in the World.

**समूह (ङ)**

**लामो उत्तर दिनुहोस् (कुनै दुईओटा मात्र) :** **८ x २ =१६**

**Give long answer to the following questions [any two only]**

२०. भूमध्यसागरीय हावापानी पाइने क्षेत्र उल्लेख गरी त्यहाँको प्राकृतिक वनस्पति र आर्थिक क्रियाकलापबारे वर्णन गर्नुहोस् ।

Mention the areas of Mediterranean climate and explain the vegetation and economic activities of people in that region.

२१. नेपालको जलविद्युत् शक्तिको विकास हुन नसक्नुका खास समस्याहरू र समाधानका उपायहरू लेख्नुहोस् ।

What are the problems associated with water power development in Nepal? What measures should be taken to slove the problems? Discuss.

२२. नेपालको नक्सा बनाई निम्नलिखित भौगोलिक तथ्यहरू भर्नुहोस् :

Draw a map of Nepal and fill up it with the following geographical facts.

सनपाट उत्पादन क्षेत्र, लुम्बिनी, चेपाङ जाति बसोवास गर्ने प्रमुख स्थान, च्छोरोल्पा ताल, कोणधारी वन पाइने क्षेत्र

Jute growing area, Lumbini, main habitation of Chepang, lake Tshorolpa, area of coniferous forest.

## उत्तरपुस्तिका परीक्षण कुञ्जिका

१. आ    २. इ    ३. अ

४. ई    ५. आ

६. प्रक्रिया पूरा गरी हिसाब गरेर पूर्वी नेपालको कुनै सहरको समय अपराह्न ५.४५ बजे निकालेमा - ४ अङ्क

७. ज्वालामुखीको चित्र बनाएमा - २ अङ्क, क्रेटर, नली, म्याग्मा, लाभा आदि नामकरण गरेमा - २ अङ्क

८ समुद्री धार उत्पत्ति हुनाको कारणहरू वाष्पीकरण, ताप, प्रचलित वायु लेखी छोटो वर्णन गरेमा - ४ अङ्क

९. (क) संवाहनिक वर्षा    (ख) वर्षभरि/सालभरि

(ग) भूमध्यरेखाको आसपास    (घ) उष्ण र आद्र; प्रत्येकको १ अङ्कका दरले - ४ अङ्क

१०. सदावहार, पतझर, कोणधारी, लेकाली वनस्पति र टुन्ड्रा लेखी छोटो वर्णन गरेमा - ४ अङ्क

११. परम्परागत खेती प्रणाली, सिँचाइको अभाव, आधुनिक प्रविधि उपयोग नहुनु, प्राविधिज्ञहरूको अभाव, उन्नत मल बिउको अभाव आदिमध्ये कुनै चारओटा समस्या लेखी छोटो वर्णन गरेमा - १x४= ४ अङ्क

१२. आयात र निर्यातमा असन्तुलन, उपभोग्य वस्तुहरूको आयात, कच्चा पदार्थहरूको निर्यात, कृषिसम्बन्धी वस्तुहरूको निर्यात, औद्योगिक उत्पादनहरूको आयात आदि उल्लेख गरी वर्तमान अवस्था देखाएमा - ४ अङ्क

१३. आफ्नो विद्यार्थीहरूको क्षेत्रअनुसारको वर्तमान अवस्था लेखेमा - २ अङ्क

विकासका सम्भावनाहरू लेखेमा - २ अङ्क

१४. गह्रौं वस्तु भएकाले ओसारपसार गर्न कठिन, ढुवानी खर्च बढी लाग्ने, कोइला र फलाम खानी नजिक हुने सम्भावना भएकाले, दुवै उद्योग एकै ठाउँ राख्दा कामदारहरूको उपलब्ध सजिलै हुन सक्ने आदि चार कारण उल्लेख गरेमा - १x४ = ४ अङ्क

१५. असमान वितरण भएको छ लेखेमा - १ अङ्क

मध्य एसिया, दक्षिण एसिया, मध्यपूर्व, दक्षिण पूर्वी एसिया, पश्चिमी युरोप, अमेरिकाको उत्तर पूर्वी भाग आदि लेखेमा - ३ अङ्क

१६. मिल्ने दुरी लेखेमा प्रत्येकको १ अङ्कका दरले ४ ओटाको - ४ अङ्क

१७. प्रतिशत वा डिग्री निकालेमा २ अङ्क, चक्रचित्रमा देखाएमा २ अङ्क - ४ अङ्क

१८.(क)
- स्थलीय वायु समुद्रतिर बहन्छ भने समुद्री बाफ स्थलमार्गतिर बहन्छ ।
- स्थलीय वायु रातमा बहन्छ भने समुद्री वायु दिनमा बहन्छ ।
- समुद्री वायु साँझमा प्रबल हुन्छ भने स्थलीय वायु बिहानी पख प्रबल हुन्छ आदि लेखेमा - १ x ३ = ३ अङ्क

(ख)
- जमिनमा चल्ने यातायात स्थल यातायात हो भने पानीमा चल्ने यातायात जल यातायात हो ।
- स्थल यातायात खर्चिलो हुन्छ भने जल यातायात सस्तो हुन्छ ।
- स्थल यातायातका उदाहरण बस, ट्रक, जिप आदि हुन् भने पानीजहाज, डुङ्गा आदि जल यातायातका उदाहरण हुन् ।

(ग) - प्राथमिक उद्योगले कच्चा पदार्थ उत्पादन गर्छ । माध्यमिक उद्योगले तयारी सामान उत्पादन गर्छ ।

- कपास उत्पादन गर्न प्रारम्भिक उद्योग हो भने कपासबाट धागो बनाउनु माध्यमिक उद्योग हो ।
- प्रारम्भिक उद्योगविना माध्यमिक उद्योग चल्दैन भने माध्यमिक उद्योगको जग प्रारम्भिक उद्योग हो आदि ३ ओटा फरक लेखेमा - १ x ३ = ३ अङ्क

(घ) - पहिलोमा पारो भरिएको हुन्छ भने दोस्रोमा पारो भरिएको हुँदैन ।

- एनोराइड चापमापक यन्त्र बोक्न सजिलो हुन्छ भने पारो भरिएको चापमापक यन्त्र बोक्न कठिन हुन्छ ।
- पारो भरिएको चापमापक यन्त्र परम्परागत हो भने एनोराइड चापमापक यन्त्र आधुनिक चापमापक यन्त्र हो । आदि तीनओटा फरक देखाएमा - १ x ३ = ३ अङ्क

१९. (क) ज्वालामुखी विष्फोट हुँदा पृथ्वीको भित्री भाग देखिनै जमिन थर्किने वा हलचल हुने हुनाले भूकम्प जान्छ भन्ने लेखेमा - ३ अङ्क

(ख) वर्षायाममा जमिनतर्फ न्यून हावाको चाप हुने कारणले गर्दा समुद्रतर्फबाट जल वाष्पयुक्त हावाले वर्षा गराउने र हिउँद्मा हावाको चाप ठीक उल्टो हुने, जमिनबाट समुद्रतर्फ सुख्खा हावा बहने हुनाले जस्ता कारण लेखेमा - ३ अङ्क

(ग) नेपालमा ग्रीष्म समयमा बढी वर्षा हुन्छ र बाँकी समय सुख्खा हुने हुँदा जमिन खाली नराखी बाली लगाउन सिँचाइ अपरिहार्य हुन्छ भन्ने कारण लेखेमा - ३ अङ्क

(घ) एसियामा धेरै उर्वर भूमि, उपयुक्त हावापानी, ठूलाठूला नदी तथा मानव बसोवास योग्य स्थानहरू भएकाले भन्ने कारण दिएमा - ३ अङ्क

२०. - भूमध्यसागरको वरिपरि, उत्तर अमेरिकाको दक्षिण पश्चिम किनारी भाग, दक्षिण अमेरिकाको मध्य चिली, अफ्रिकाको दक्षिण पूर्वी भाग तथा अस्ट्रेलियाको दक्षिण पश्चिम भाग आदि क्षेत्रहरू लेखेमा - २ अङ्क

- यस क्षेत्रमा विशेष प्रकारको वनस्पति पाइने, वर्षा धेरै हुने स्थानमा रूखहरू हुने कम हुने स्थानमा कम रूखहरू चिल्ला पात, धेरै हाँगा, बाक्लो बोक्रा तथा धेरै जरा भएका हुन्छन् भने झाडीका धेरै काँडा तथा हाँगाहरू हुन्छन् भन्ने कुरा लेखेमा - ३ अङ्क
- आर्थिक क्रियाकलापमा फलफूल उत्पादन, पशुपालन, कृषि, चलचित्र छायाङ्कन तथा उद्योग धन्दामा संलग्न हुने कुरा लेखेमा - ३ अङ्क

२१. - पुँजीको अभाव, प्रविधिको अभाव, यातायातको असुविधा, राजनीतिक अस्थिरता, भ्रष्टाचारी प्रवृत्ति तथा कमजोर अनुगमन, दोषपूर्ण सरकारी नीति, उपयुक्त योजनाको अभाव आदि समस्या लेखेमा - ४ अङ्क

- समाधानका उपायहरू, दीर्घकालीन योजना निर्माण, दक्ष जनशक्तिको विकास, यातायातको विकास, उपयुक्त नीति निर्माण, भ्रष्टाचारको न्यूनीकरण, राजनीतिक दूरदर्शिता आदि लेखेमा - ४ अङ्क

२२. नेपालको नक्सा बनाएमा - ३ अङ्क

उपयुक्त स्थानमा तथ्यहरू सङ्केतद्वारा देखाएमा - १x५=५ अङ्क